**२०८० साल बैशाख ०३ गते आइतबार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **आर्थिक मामिला मन्त्रालय:** आ.व. २०७९/८० को बजेट रोक्का तथा खर्च कटौती सम्बन्धी मापदण्डमा गरिएको पहिलो संशोधन स्वीकृत गर्ने ।

२. **उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय** यातायात व्यवस्था कार्यालय तथा सेवा कार्यालय नभएका जिल्लामा घरेलु तथा साना उद्योग कार्यालयमार्फत सवारी नवीकरण सेवा विस्तार गर्ने ।

३. **भौतिक पूर्वाधार विकास मन्त्रालय:** भौतिक पूर्वाधार विकास मन्त्रालयको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने ।

४. **सामाजिक विकास मन्त्रालय:** सामाजिक विकास मन्त्रालयको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने ।

५. **सामाजिक विकास मन्त्रालय:** लुम्बिनी प्राविधिक बिश्वविद्यालय सेवा आयोगको गठन गर्ने ।

६. **स्वास्थ्य मन्त्रालय:** लुम्बिनी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय मातहतका अस्पतालहरुमा रहेका अस्पताल विकास समितिका अध्यक्ष र सदस्यहरुलाई मनोनयन गर्ने ।

७. **स्वास्थ्य मन्त्रालय:** लुम्बिनी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय मातहतका कार्यालयहरुमा नेपाल स्वास्थ्य सेवा, विभिन्न समूह/ उपसमूहका नवौं तह (विशेषज्ञ चिकित्सक) को स्वीकृत दरबन्दीमा रहेका रिक्त पदमा अस्थायी करार मार्फत पदपूर्ति गर्न स्वीकृती प्रदान गर्ने ।